बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशुपन्छी तथा मत्स्य विकास शाखा
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

Website: besishaharmun.gov.np
फ्याक्स नं ०६६-५२०२०४
फो नं ०६६५२०२०४

पत्र संख्याः २०८१/२०८२
चलानी नः (पशुपन्छी.....शाखा)

# अफ्रीकन स्वाइन फिवर (ASF) रोग सम्वन्धी अत्यन्त जरुरी सूचना।

**प्रकाशित मितिः २०८१/१०/२७**

अफ्रीकन स्वाइन फिभर एक विषाणुको कारणले घरपालुवा सुँगुर/बंगुर तथा जंगली बँदेल प्रजातिहरुमा लाग्ने उच्च संक्रमण दर भएको महामारिजन्य रोग हो। छिमेकी जिल्लाहरुमा केहि समय देखि यो रोग देखा परिसकेको छ। यस रोगको संक्रमणका कारणले सुँगुर/बंगुरहरुमा उच्च ज्वरो (१०४ देखि १०७ डिग्री फरेनहाइट) आउने, खाना नखाने, एकै ठाउँमा थुप्रियर वस्ने, शरिरमा निलडामहरु देखिने, नाक/मुखबाट फिज निकाल्ने, दिशामा रगत आउने, कानका टुप्पामा रगत जमेका धब्वाहरु देखिने र ठुलो संख्यामा सुँगुर/बंगुर तथा बँदेलहरु मर्ने हुन्छ। यो रोग विशेष गरी रोगी सुँगुर/बंगुर वा तिनका पाठापाठी वा मासु अथवा रोगी पशुको सम्पर्कमा आएका वस्तु एक स्थानबाट अर्को स्थानमा लैजादा सजिलै सर्ने भएकोले यो रोग छिटो फैलिन सक्छ।

उक्त रोग विरुद्ध हालसम्म कुनै पनि खोप उपलब्ध नभएको र रोग विरुद्ध कुनै प्रभावकारी उपचार समेत नभएकोले रोग देखा परेमा ठुलो आर्थिक क्षती गराउने हुदाँ कुनै स्थानमा अस्वभाविक रुपमा सुँगुर/बंगुर मरेमा वा माथी उल्लेखित लक्षणहरु देखा परेमा पशुपन्छी तथा मत्स्य विकास शाखा वा पशु सेवा केन्द्रमा सम्पर्क गर्नुहुन तथा आफ्नो फार्ममा जैविक सुरक्षाको लागि निम्न उपायहरु अपनाउनुहुन अनुरोध गरिन्छ।

- आ-आफ्नो बंगुरको खोरलाई अनिवार्य रुपमा निःसंक्रमण गराउनुहुन।
- आफ्नो तथा अर्काको फार्ममा मानिसहरुको अनावश्यक आवत-जावत नगर्नु/नगराउनुहुन।
- सुँगुर/बंगुरलाई थुनेर मात्र पाल्नुहुन।
- रोग प्रमाणित भएका जिल्लाहरुबाट सुँगुर/बंगुर तथा पाठापाठीहरु सकभर खरिद नगर्नुहुन तथा अन्य स्थानबाट ल्याएका सुँगुर/बंगुर तथा तिनका पाठापाठीहरुलाई ४० दिन सम्म आफ्नो बथानबाट छुटै राखी सचेतना अपनाउनुहुन।
- जथाभावी रुपमा फालिएका खानेकुरा नखुवाउन तथा खुवाउन योग्य खानेकुरा राम्रोसँग पकाएर मात्र खुवानुहुन।
- अन्य स्थानका सुँगुर/बंगुरहरु आफ्नो खोर वा नजिकै बध नगर्न/नगराउनुहुन।
- रोगी सुँगुर/बंगुर र बँदेलको मासु, सुकुटी तथा वातावरणमा विषाणु लामो समयसम्म बाच्ने भएकोले मरेको सुँगुर/बंगुरलाई जथाभावी नफाली गहिरो खाडलमा गाडी उचित व्यवस्थापन गर्नुहुन।

**पुनश्चः यो रोग मानिसमा सर्दैन।**

**Email: vetbesishahar@gmail.com**

डा. जयन्त महत
पशु चिकित्सक (अधिकृतस्तर सातौं)
शाखा प्रमुख